सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अकं १५ संवत २०८१ साल भाद्र ०४ गते https://sarumaranimun.gov.np

## कर्मचारीहरुको त्रैमासिक बैठक सम्पन्न




सरूमारानी गाउँपालिका प्यूठानका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकज्यूको अध्यक्षतामा सरूमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको बैठक मिति २०८१।०४।०८ गते सम्पन्न भएको छ। बैठकमा विषयगत शाखा प्रमुख, प्राविधिक कर्मचारी, वडा सचिव ,स्वास्थ्य प्रमुख लगाएत कर्मचारीको उपस्थित थियो । कर्मचारीहरुले बैठकमा समग्र आ.व.२०८०।०८१ को प्रगती मूल्यांकन र आगामी वर्षको कार्ययोजना तथा रणनिति बारे आफ्नो धारण प्रस्तुत गर्नुभएको थियो ।

साथै (बैशाख ,जेष्ठ र असार महिना) को एकमुष्ट रूपमा कार्य सम्पादन तथा मूल्यांकन को आधारमा सरूमारानी गाउँपालिका कार्यसम्पादन तथा मूल्यांकन समितिले विभिन्न सूचकहरूको मूल्यांकनको आधारमा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत रोजगार संयोजक श्री तेजेन्द्र भण्डारी, सरुमारानी गाउँपालिका अन्तर्गत वडा नं १ मा कार्यरत सहायक कम्प्यूटर अपरेटर जनक थापा मगर, सरुमारानी गाउँपालिका गाउँकार्यपालिका अन्तर्गत रहेको हंसपुर स्वास्थ्य चौकीमा कार्यारत अ.हे.व. सिता पाण्डे र गाउँपालिकाका अन्तर्गत वडा नं ६ मा कार्यालय सहयोगी पदमा कार्यरत तुल बहादुर उलुङ्गेलाई तेस्रो त्रैमासिक (बैशाख ,जेष्ठ र असार ) महिनाको उत्कृष्ट कर्मचारी छनौट गरिएको छ ।उहाँको कार्य सम्पादनको उच्च मूल्यांकन गर्दै प्रशंसा पत्र तथा पुरस्कार समेत वितरण गरिएको छ । साथै गाउँपालिकाको महिला शाखामा नयाँ नियुक्ति लिई आउनु भएका स.म.वि.नी अन्जु भाट र स्वास्थ्य शाखामा नयाँ नियुक्ति लिई आउनु भएका प.हे.न. सृजना नेपालीलाई स्वागत तथा सम्मान समेत गरिएको थियो ।





# विद्यालयहरुको प्रधानाध्यापक बैठक सम्पन्न




मिति २०८१-०४-२७ गते सरुमारानी गाउँपालिका अन्तर्गतका प्रधानाध्यापकहरूको बैठक गाउँपालिकामा सप्पन्न भएको छ। बैठकले शैक्षिक गुणस्तर सुधारका लागि कक्षाकोठामा शिक्षण शैलीमा सुधार ल्याउने,प्रधानाध्यापकले शिक्षकको शिक्षणको कक्षा अवलोकन गर्ने, विद्यार्थीहरूको सिकाइको अवस्था पहिचान गरी वर्गीकरण गर्ने र सोही अनुसार शिक्षण गर्ने,विषयगत शिक्षकको नियमित बैठक बसी शैक्षिक सुधारको प्रयास गर्ने,हरेक बैठकमा विद्यालयमा भएका नयाँ अभ्यासको अनुभव आदानप्रदान गर्ने लगायतका विषयमा छलफल गरि बैठक सम्पन्न भएको छ ।



# गाउँपालिकाको मूख्य बजारहरुको अनुगमन सम्पन्न



सरूमारानी गाउँपालिकाले गाउँपालिका को मुख्य बजार अन्तर्गत वडा नं १ बाङ्गेशाल, वडा नं २ को दर्भान बजार र वडा नं ४ मा रहेको बड्डाँडा बजारको अनुगमन गरीएको छ ।
दुई दिनको अनुगमनको क्रममा बाङ्गेशाल बजार ,दर्भान बजार र बड्डाँडा बजार क्षेत्रका करिब १२० वटा पसलको अनुगमन गरेको हो । जसमा होटल, मासु पसल, किराना पसल र एउटा डेरी पसलहरुको अनुगमन गरेको छ । पछिल्लो समय देशका विभिन्न जिल्लामा हैजा, झाडापखाला, डेंगीलगायतका रोगको संक्रमण फैलिरहेको र होटल, मासु पसल, डेरी, गल्ला तथा किरानाहरुमा हुने अखाद्य वस्तुहरुको प्रयोगले मानव स्वास्थ्यमा असर गर्नुका साथै सेवाग्राहीहरु ठगिने समस्यालाई मध्यनजर गरी बजार अनुगमन थालिएको हो ।
अनुगमनको क्रममा अधिकांश पसल तथा होटलहरुमा खाने तेलको गुणस्तरमा ह्रास देखिएको छ। खाने तेल, जंक फूड, मसला लगायतका सामानको धेरै जस्तो म्याद नाघेका सामान भेटिएको थियो । त्यसै गरी फूडमा कलर हालेको, र सरसफाइमा कमी देखिएको थियो । फेला परेका अखाद्य वस्तुहरु तत्कालै नष्ट गरिएको छ भने त्यस्ता बस्तु भेटिएका पसलका सञ्चालकहरुलाई पहिलो पटकका लागि सचेत गराइएको थियो । बजार अनुगमन टोलीका संयोजक श्री लक्ष्मण आचार्य ज्यूको नेतृत्वमा खटिएको अनुगमन टोलीमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारी, जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रमुख प्रहरी नायब निरिक्षक इश्वर थापा ,जिल्ला प्रशासन कार्याल प्यूठानका निमित्त प्रमुख जिल्ला अधिकारी लक्ष्मी देवी शर्मा ,घरेलु कार्यालय प्यूठान कर्मचारी, ढुङ्गेगढी प्रहरी चौकी, प्रहरी चौकी बड्डाँडाका प्रहरी प्रतिनिधि, स्वास्थ्यकर्मी तथा पत्रकार लगायतको सहभागिता रहेको थियो। करिब ८५ हजार मूल्य बराबरका म्याद गएका सामानहरुलाई नष्ट गरिएको थियो।






# विदाई कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठक ज्यूको अध्यक्षतामा विगत लामो समय देखि सरूमारानी गाउँपालिकामा कार्यालय सहयोगी पदमा कार्यरत अतिनै मिलनसार,सहयोगी व्यक्तित्व श्री गोविन्द पोखेल सरको विदाई कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बोल्नु हुँदै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूले सेवा निवृत जीवन सुखमय सुखद र फलदायी रहोस भन्ने शुभकामना समेत व्यक्त गर्नु भएको थियो।।।







सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८४५४४०७७३)

प्रकाशकः

सरुमारानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बड्डाँडा,प्यूठान ।


facebook: https://www.facebook.com/SarumaraniGapa

website:sarumaranimun.gov.np

email:sarumarani2073@gmail.com

phone no:9857836022